राष्ट्र निमार्णमा एउटै संकल्प विद्युत र सौर्य ऊर्जा पहिलो विकल्प

राष्ट्रिय साप्ताहिक

# विद्युत संसार

Bidhut Sansar National Weekly

वर्ष ८ अंक १० पूर्णाङ्क ३३८ २४ जेठ २०८०, बुधबार www .bidhutsansar .com WEDNESDAY, 07 JUNE, 2023 पृष्ठ ८ मूल्य: रु.१५




### प्रधानमन्त्री प्रचण्डको भारत भ्रमण

# विद्युत् व्यापारमा महत्वपूर्ण उपलब्धि

## नेपालबाट भारतमा हुने विद्युत् निर्यातको परिमाण १० वर्षभित्र १० हजार मेगावाट पुऱ्याउने

विद्युत संसार संवाददाता

**काठमाडौं, जेठ ।** भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा भारतको चारदिने औपचारिक भ्रमणमा रहनुभएका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' शनिबार स्वदेश फर्कनु भएको छ । प्रधानमन्त्री दाहाल नेपाली उच्चस्तरीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै यही जेठ १७ गते नयाँ दिल्ली प्रस्थान गर्नुभएको थियो । युगौंदेखि सामाजिक, सांस्कृतिक तथा जनजीवनका अनेक आयाम रहेको नेपाल र भारत सम्बन्धलाई प्रधानमन्त्री प्रचण्डको चार दिने औपचारिक भ्रमणले दूरगामी ऐतिहासिक महत्व थपेको छ । प्रधानमन्त्री दाहाल प्रचण्ड चारदिने भारत भ्रमणका क्रममा बिहीबार दिउँसो हैदरवाद हाउसमा प्रधानमन्त्री प्रचण्ड र भारतीय समकक्षी नरेन्द्र मोदीबीच भेटवार्ता भएको छ । भारतको भ्रमण पश्चात् प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफ्नो भ्रमण ऐतिहासिक रहेको बताउनुभएको छ । भ्रमणका क्रममा प्रधानमन्त्री प्रचण्डले ऊर्जा व्यापारका क्षेत्रमा 'ब्रेक थ्रु' भएको बताउनुभयो । नेपालको विद्युत् व्यापार, पारवहन, पेट्रोलियम पाइपलाइन विस्तार, आर्थिक पूर्वाधार निर्माणका लागि दुई देशबीच विभिन्न समझदारी भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले जलविद्युत् क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल भएको बताउनुभयो । "जलविद्युत् क्षेत्रमा लगानीका लागि महत्वपूर्ण आधार तयार भएको छ", उहाँले भन्नुभयो, "नेपालको विद्युत्



बङ्गलादेशसम्म निर्यात गर्नका लागि महत्वपूर्ण सहमति भयो ।" ऊर्जा क्षेत्रमा सहकार्यका लागि सन् २०२२ अप्रिलमा जारी गरिएको संयुक्त दृष्टिकोण पत्रको स्मरण गर्दै ऊर्जा क्षेत्र सहकार्यमा हासिल प्रगतिप्रति दुवै प्रधानमन्त्रीले सन्तुष्टि व्यक्त गर्नुभएको छ । यसमा जलविद्युत् परियोजनाको विकास, विद्युत् प्रसारण, पूर्वाधार तथा ऊर्जा व्यापार समावेश छन् । सो अवसरमा नेपालबाट भारतमा हुने

बाँकी पृष्ठ ६ मा...

# सेती जलविद्युत आयोजना निर्माणको अन्तिम चरणमा

**कास्की, जेठ ।** कास्की जिल्लामा निर्माणाधीन २५ मेगावाट क्षमताको सेती नदी जलविद्युत् आयोजनाको काम अन्तिम चरणमा पुगेको छ । आयोजनाको प्रवर्द्धक भिजन लुम्बिनी ऊर्जा कम्पनी लिमिटेडका अनुसार हालसम्म




९० प्रतिशत काम सकिएको हो । आयोजना माछापुच्छ्रे गाउँपालिका-२ सार्दिखोलामा बनिरहेको छ । विसं २०७७ भदौदेखि विद्युत आयोजना निर्माण सुरु भएको थियो । आयोजनाको सिभिल, हाइड्रो मेकानिकल, इलेक्ट्रोमेकानिकल र ट्रान्समिसन लाइन(प्रसारण लाइन) निर्माणतर्फका सबै काम अन्तिम चरणमा पुगेको भिजन लुम्बिनी ऊर्जा कम्पनी लिमिटेडका कार्यकारी अध्यक्ष जगतबहादुर पोखरेलले बताउनुभयो । उहाँका अनुसार ढिलोमा पनि आगामी मङ्सिरभित्रमा आयोजना सम्पन्न भएर व्यावसायिकरूपमा विद्युत उत्पादन हुनेछ । स्थानीयवासी, स्थानीय सरकार र प्रशासनको सहयोगबाटनै आयोजना तोकिएको समयमा सम्पन्न हुन लागेको अध्यक्ष पोखरेलले बताउनुभयो ।

बाँकी पृष्ठ ७ मा...










Marketed in Nepal by:
Him Electronics Pvt .Ltd .

For Corporate Inquiry: Narayan Chaur, Naxal, Kathmandu, Tel: 01-5909999

वर्ष ८ /अंक १० / पूर्णाङ्क ३३८ / बुधबार २४ जेठ २०८०

विद्युत संसार

## सम्पादकीय

# बर्खायाम लाग्दै गर्दा विद्युत खेर जाने चिन्ता

नेपालको जलविद्युत विकासको इतिहास लामो रहेतापनि निजी क्षेत्रको प्रवेशपछि ३ दशकको अवधिमा ठुलो प्रगति भएको छ । निर्माणको अन्तिम चरणमा पुग्न लागेका जलविद्युत आयोजनाको विद्युत प्रसारण प्रणालीमा थपिँदै जाँदा राष्ट्रिय प्रसारणमा विद्युत जडित क्षमता करिब ३ हजार मेगावाट पुग्न लाग्दैछ । नेपालमा उत्पादित विद्युत भन्दा खपत कम हुने भएकाले नेपाल विद्युत प्राधिकरणलाई बर्खायाममा विद्युत खेर जाने समस्याले सताउने गरेको छ । स्वदेशमा नै विद्युत खपतको प्रयास र मुलुक बाहिर विद्युत बिक्रि गर्न भारत मात्र पहिलो र एक मात्र विकल्प बन्ने गरेको छ । बंगालादेशलाई विद्युत बिक्री गर्ने विषय विगत लामो समय देखि चल्दै आएपनि विभिन्न समस्या र भारतको अनुमति नपाउन यसले सार्थकता पाउन सकेको छैन् । यद्यापि यस विषयले भर्खरै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भारत भ्रमणमा यस विषयलाई चासोको रूपमा लिएको हुँदा आउने दिनमा नेपालको विद्युत तेस्रो मुलुकसम्म पुग्नेमा आशावादी हुनुपर्दछ ।

अहिलेको अवस्थामा प्राधिकरणले छिमेकी मुलुक भारतलाई बिक्री गर्दै आएको छ । तर बिक्री हुँदै आएको विद्युतको म्याद थप हुने/नहुने संशय भने हरेक आखिरी घडीमा आएर हुने गर्नाले प्राधिकरण यस्तो पटके अनुमतिबाट हैरान हुँदै आएको छ । यो वर्षपनि नेपालमा बर्खायाम सुरूहुँदै गर्दा उत्पादित विद्युत खपत नभएर खेर जाने होकि भन्ने शंशय पैदा भएको छ । भारतीय लगानी र सहयोगमा बनेका केही जलविद्युतबाट उत्पादित विद्युत भारतले लिने नीतिले अन्य जलविद्युत आयोजनाबाट उत्पादित विद्युत खेर जाने खतरा बढेर गएको छ ।

नेपालमा केही वर्ष अघिसम्म विद्युतको माग अनुसारको उत्पादन हुन नसकेर लोडसेडिङको मार खेप्नु परेको थियो र, लोडसेडिङको तालिका प्रकाशित गरेरै आपूर्ति बन्द गरिन्थ्यो । तर, अहिले विद्युत उत्पादन बढ्दै गएकाले अब खपत पनि नबढ्ने हो भने यो वर्षदेखि विद्युत उत्पादन बन्द गर्ने तालिका सार्वजनिक गर्नु पर्ने अवस्था आउनेछ । यो राष्ट्रकै लागि ठूलो नोक्सानी हो । यसैले यसवर्ष पनि बर्खाका महिनामा ठूलो मात्रामा विद्युत खपत हुन नसकेर बढी हुने प्रक्षेपण गरिएकाले यो विद्युत खेर जान नदिई स्वदेशमा नै विद्युत खपत बढाउनु र निर्यात गर्न गृहकार्य गर्नुपर्ने हुन्छ ।

विद्युत खपत बढाउन जलविद्युतगृहबाट उत्पादन हुने विद्युत माग बढी भएको बजारसम्म पुऱ्याउन उच्च क्षमताको प्रसारण लाइन तथा गुणस्तरीय वितरण प्रणालीको समस्या छ । निर्माण भइरहेका प्रसारण तथा वितरण प्रणालीका पूर्वाधार आयोजनाको काममा पनि सुस्तता र ढिलासुस्ती छ । विद्युत खेर जाने समय नजिकिँदै गएकाले नेपाल विद्युत प्राधिकरणले विद्युतको आन्तरिक खपत बढाउन उद्योगले मागेको परिमाणमा विद्युत उपलब्ध गराउन आवश्यक छ । देशमा आवश्यक निर्माणाधीन उच्च क्षमताका प्रसारण लाइन सम्पन्न गरेर औद्योगिक क्षेत्रको विद्युत खपत बढाउनु पर्ने आवश्यकता छ ।

# प्रधानमन्त्रीको भारत भ्रमण र ऊर्जा क्षेत्र



भीमलाल श्रेष्ठ

तेस्रो पटक प्रधानमन्त्री पुष्पकमल दाहाल नेपाली उच्चस्तरीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै यही जेठ १७ गते जानुभएको छिमेकी भारतको चौथो भ्रमण सकेर शनिवबर स्वदेश फर्कनु भएको छ । प्रधानमन्त्रीसँगै भ्रमण टोलीमा परराष्ट्रमन्त्री नारायण प्रकाश साउद, अर्थमन्त्री डा. प्रकाश शरण महत, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेत, भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वाला र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजाल हुनुहुन्थो । भ्रमणका क्रममा परम्परागत न्यानोपन तथा सौहार्दताका साथ दुवै प्रधानमन्त्रीले द्विपक्षीय विषयमा व्यापक छलफल गरेका थिए । वार्ताका क्रममा राजनीतिक, आर्थिक, व्यापार, ऊर्जा, सुरक्षा तथा विकास सहकार्यलगायतका विषय वस्तुलाई समेट्दै दुवै प्रधानमन्त्रीले भारत र नेपालबीचको द्विपक्षीय एजेन्डाका सम्पूर्ण पक्षको समीक्षा गरेका थिए ।

लामो रस्साकसीबीच उहाँले दीर्घकालीन विद्युत् व्यापार सम्झौता भएको छ । दस वर्षमा दस हजार मेगावाट विद्युत् भारत निर्यात गर्न र भारत हुँदै नेपालले बङ्गलादेशमा ऊर्जा निर्यात गर्न सक्ने भएको छ भने ऊर्जामा बाह्य लगानी आकर्षण गर्ने विषय उठान भएको छ । तर, देशले प्रतिक्षा गरेका हवाई रूट थप र पञ्चेश्वर परियोजनाबारे उहाँले अपेक्षित उपलब्धि हात पार्न भने सकेनन् ।

सम्झौतामा ऊर्जा तथा जलविद्युत् विकास र व्यापार, पेट्रोलियम पाइप लाइन विस्तार, एकीकृत जाँच चौकी निर्माण, डिजिटल पेमेन्ट लगायत क्षेत्र समेटिएका छन् । त्यसैगरी नेपाल र भारतबीचको पारवहन सम्झौतासमेत नवीकरण भएको छ । यसबाट नेपालका जल यातायातका साधन भारतीय जलमार्गमा जान पाउने भएका छन् । सीमापार पेट्रोलियम पाइपलान विस्तार अन्तर्गत भारतबाट अमलेखगन्जसम्म आइपुगेको पाइपलाइन अब चितवनसम्म आइपुग्ने छ । त्यस्तै पाइपलाइन अब सिलिगुढीबाट झापासम्म विस्तार हुने छ । यसले नेपालमा इन्धन सहज हुनुका साथै मूल्यमा सहजता समेत आउने छ । यसो भन्दैगर्दा भारतको आफ्नो स्वार्थ देखिएको अनुभव आम नेपालीहरूमा भएको छ । आफ्ना सहायतामा बनेका जलविद्युत परियोजनाको बिजुली मात्रै लिने आयात गर्ने गरेको भारतले दस वर्षमा दस हजार मेगावाट विद्युत आयत गर्छु



भन्दैगर्दा आफ्नो सहायता परेका जलविद्युतबाट उत्पादन भएको विद्युत लिने स्वार्थमा यो निर्णय भएको त छैन् ? अघिल्ला वर्षहरूमा भारत सरकारले बिजुली बेच्न अनुमति दिएका त्रिशूली जलविद्युत आयोजना र देवीघाट जलविद्युत आयोजना उसकै आर्थिक तथा प्राविधिक सहायतामा बनेका हुन् । जबकी, विद्युत प्राधिकरणले सबैभन्दा पहिले ४५६ मेगावाटको माथिल्लो तामाकोशी जलविद्युत् आयोजना र ४५ मेगावाटको भोटेकोसी जलविद्युत आयोजनाको बिजुली प्रतिस्पर्धी बजारमा बेच्ने अनुमति माग्दै प्रस्ताव पठाएको थियो । भारतले ती दुवै परियोजनाबारे लामो समयसम्म निर्णय नगरेपछि विद्युत् प्राधिकरणले त्रिशूली, देवीघाट र तल्लो मर्स्याङ्दी जलविद्युत आयोजना (६९ मेगावाट)को बिजुली बेच्ने प्रस्ताव पनि पठाएको थियो । त्यसमध्ये भारतले आफ्ना सहायतामा बनेका परियोजनाको बिजुली मात्र ऊर्जा बजारमा बेच्न दिने गरी निर्णय गरेको थियो । भारतको यस खालको निर्णयले स्वदेशी तथा विदेशी लगानीमा बनेका तथा बनिरहेका परियोजनाबाट उत्पादन भइरहेका र हुने बिजुलीको बजारबारे थप प्रश्न र आशंका उब्जिएको छ ।

भारतले तत्काल नेपाली तथा आफूबाहेकका विदेशी लगानीका परियोजनाको बिजुली नलिए आगामी वर्षायाममा झन् धेरै बिजुली खेर गएर प्राधिकरण वित्तीय जोखिममा पर्नसक्ने अवस्था छ । नेपालमा उत्पादित विद्युतको अन्तरदेशीय व्यापारको लागि अहिले भारत एकमात्र सहज बजार हो । चीनसँग न विद्युत व्यापार सम्झौता हुन सकेको छ न त अन्तरदेशीय प्रसारण लाइन नै बनेको छ । भारतको अन्तरदेशीय विद्युत् व्यापार कार्यविधिका अन्य व्यवस्थाले विद्युत व्यापारलाई झन्झटिलो समेत बनाएको छ । भारतमा विद्युत् आयात-निर्यातका लागि तोकिएको निकायले छिमेकी देशबाट विद्युत आयात गर्न प्रत्येक कारोबारको लागि सरकारसँग सहमति लिनुपर्ने व्यवस्था छ । बंगलादेशसँग विद्युत व्यापार समझदारी भएपनि भारतकै बाटो लैजानुपर्ने जटिलता छ । यस विषयमा पनि यो भ्रमणमा केही विषय उठान भएका छन् त्यसले नेपालको बिजुली बंगलादेश निर्यात गर्न सहजता प्रदान गर्ने आशा बोकेर भ्रमणटोली स्वदेश फिर्ता भएको छ ।

प्रधानमन्त्रीले विद्युत निर्यात गर्ने र पेट्रोलियम पदार्थ आयात गर्ने जुन रणनिति लिनु भएको छ । यो नितान्त गलत रहेको आवाजहरू पनि जनमानसबाट उठान हुँदै आएको छ । नेपालमा उत्पादन हुने विद्युत नेपालनमा नै खपत गर्ने नीति लिनु भन्दा आफ्नो जलविद्युत आयोजना भारतलाई बिक्रि गरेर आफू पेट्रोलियम पदार्थ आयात तर्फ ध्यान केन्द्रित भएको आम जनमानसको गुनासो रहेको छ । मुख्यगरी पेट्रोलियम पदार्थलाई प्राथमिकता दिनुको साटो स्वदेशमा उत्पादित ऊर्जा खपत बढाउनका लागि विद्युतीय सवारी साधन प्रवर्द्धन, चार्जिङ स्टेसन, विद्युत चुलोलगायतलाई प्रवर्द्धन गर्ने नीतिगत रूपमा पहल गर्ने कुरा हुनुपर्दथ्यो । विद्युत् निर्यात भन्दा विद्युतको आन्तरिक खपत बढाई उत्पादित वस्तु तथा सेवाको निर्यात गर्ने र आयात व्यवस्थापन गर्नमा हाम्रा प्रयास केन्द्रित हुनुपर्दछ ।

# विद्युतको बजार सुरक्षित भयो, अब व्यापार गर्ने जिम्मा निजी क्षेत्रलाई देऊः इपान

विद्युत संसार संवाददाता

**काठमाडौं, जेठ ।** स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इपान) नेपालले विद्युतको बजार सुरक्षित भएको भन्दै अब विद्युत व्यापारको जिम्मा निजी क्षेत्रलाई दिन इपानले सरकारसँग आग्रह गरेका छन् । इपानले सोमबार पत्रकार सम्मेलन गरी प्रधानमन्त्रीको भारत भ्रमणले ऊर्जा क्षेत्रमा ऐतिहासिक र दीर्घकालीन हितमा केन्द्रित रहेको जनाउँदै अब नेपालको बिजुलीको बजार सुरक्षित रहेकोले अब पीपिए खुलाएर विद्युत व्यापारको जिम्मा निजी क्षेत्रलाई पनि दिन आग्रह गरेका हुन् ।



इपानले भारत भ्रमणका क्रममा भारत सरकारले आगामी १० वर्षभित्र १० हजार मेगावाट बिजुली लैजाने घोषणा स्वागत योग्य भएको जनाएको छ । सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा ऊर्जा व्यापारमा निजी क्षेत्रलाई समेत सहभागी गराउने र अनुमति दिने प्रबन्ध गरिएकोप्रति इपानले प्रशन्नता व्यक्त गरेको छ । बिजुलीको अन्तर्राष्ट्रिय बजारको प्रबन्ध भएको तथा सरकारले समेत अनुमति दिएको अवस्थामा ऊर्जा क्षेत्रमा महत्वपूर्ण सुधार र विकासका लागि मार्ग प्रशस्त भएको इपानको ठहर छ ।

इपानका अध्यक्ष कृष्णप्रसाद आचार्यले बिजुलीको व्यापारका लागि मार्ग प्रशस्त भएकाले अब तत्काल सरकारले विद्युत् खरिद बिक्रीको अनुमति दिन माग गर्नुभयो । " प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणका क्रममा ऐतिहासिक सम्झौता भएको छ । अब त्यसलाई कार्यान्वयनमा ल्याउनका लागि सरकार र सरकारी निकायले पहल गर्नुपर्छ", उहाँले भन्नुभयो । भारत भ्रमणका क्रममा न्यू बुटवल–गोरखपुर चार सय केभी प्रसारण लाइन निर्माणसम्बन्धी शिलान्यास भएको छ । चार सय ८० मेगावाट क्षमताको फुकोट कर्णाली जलविद्युत् आयोजनाको परियोजना विकास सम्झौता भएको छ । यसैगरी छ सय ६९ मेगावाट क्षमताको तल्लो अरूण जलविद्युत् आयोजनाको पनि परियोजना विकास सम्झौता भएको छ ।

यस्तै इप्पानका पूर्वअध्यक्ष शैलेन्द्र गुरागाईंले नेपाल र भारतले संयुक्त लगानी गरेका आयोजनाको विद्युत खरिद गर्न भारत तयार रहेको बताउनुभयो । त्यसका लागि सचिव स्तरीय सम्झौता भएको समेत उहाँले जानकारी दिनुभयो ।

त्यस्तै उपाध्यक्ष गणेश कार्कीले भारतले मात्रै बनाएको नभएर नेपाली उत्पादन पनि भारतले किन्ने अपेक्षा रहेको बताउँदै १० हजार मेगावाट विद्युत भारतले खरिद गर्दा निजी क्षेत्रका आयोजनाबाट निकाल्ने विद्युत बिक्रीमा राख्ने उहाँको भनाइ छ । उहाँले तत्काल विद्युत प्राधिकरणले पीपीए खोल्नुपर्ने बताउँदै 'नेपालको विद्युत बंगलादेशले पनि खरिद गर्ने भएपछि बजार सुनिश्चित भएकोसँगै प्राधिकरणले तत्काल पीपीए खोल्नुपर्ने भनाई छ ।

भारत भ्रमणपछि भारत हुँदै बंगलादेशसम्म नेपालबाट विद्युत निर्यातको सुरुवात गर्न सैद्धान्तिक सहमति भई त्रिपक्षीय सम्झौताका लागि प्रक्रिया अघि बढाउने उल्लेख छ । इपानले ठूला आयोजनाका लागि विद्युत खरिद-बिक्री तत्काल खुलाउन आग्रह गरेको छ ।

# जुम्लाको ग्रामीण भेग भेरीखोला राष्ट्रिय प्रसारण लाइनको पहुँचमा

विद्युत संसार संवाददाता

**खलङ्गा, जेठ ।** जुम्लाको तातोपानी गाउँपालिकाको ग्रामीण भेगमा पर्ने भेरी खोलामा राष्ट्रिय प्रसारण लाइनको पहुँच पुगेको छ । नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र जुम्लाका प्रमुख नरदेशदत्त रावलले तातोपानी गाउँपालिकाको सबैभन्दा दुर्गम वडा मानिने ७ र ८ मा राष्ट्रिय प्रसारण लाइन पुगेको जानकारी दिनुभयो ।



लामो समयदेखि अन्धकारमा रहेको भेरीखोला बस्ती राष्ट्रिय विद्युत् प्रसारण लाइनसँग जोडिएको छ । गत वर्षको असोज महिनाको अन्तिम साता परेको अविरल वर्षाले प्रभावित भेरीखोलामा राष्ट्रिय प्रसारण लाइन पुगेपछि यहाँका स्थानीयवासीलाई राहत भएको वडाध्यक्ष तिलक रावतले बताउनुभयो ।

गाउँमा बिजुली बलेपछि उज्यालो हुनुका साथै मोबाइल चार्ज गर्न, रेडियो सुन्न, विद्यार्थीलाई पढ्न लेख्न र विद्युतीय क्रियाकलापबाट गरिने कामलाई सहज बनाएको स्थानीयवासी हस्त रावतको भनाइ छ । वर्षौंदेखि टुकी र सोलार बालेर दैनिकी चलाउँदै आएका त्यहाँका नागरिकको प्रत्येक घरमा अहिले बिजुली बलेपछि हर्षित भएका छन् । गाउँमा राष्ट्रिय प्रसारण लाइन आएपछि उद्योग र कम्प्युटर कक्षा सञ्चालन गर्न सहज हुने यहाँका स्थानीयवासी बताउँछन् । अहिले जिल्लाको सदरमुकाम खलङ्गालगायत ग्रामीण गाउँ बस्तीमा विद्युत् प्रसारण लाइन जोडिएको नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र जुम्लाले जनाएको छ ।

# संघले व्यवसायी तथा उद्योगको डाटा संकलन गर्दै

प्रदिप श्रेष्ठ

**काठमाडौं, जेठ ।** नेपाल विद्युतीय व्यवसायी महासंघले नेपालमा रहेको विद्युतीय सामग्रीहरूको उत्पादन गर्ने उद्योग तथा व्यवसायीहरूको डाटा संकलन कार्य गरिरहेको छ । महासंघको उद्योग समन्वय एवं प्रदेश अनुगमन समितिले विद्युतीय सामग्रीहरूमा रहेको समस्यालाई उजागर गरी स्वदेशमा नै विद्युतीय सामग्री उत्पादन गर्न प्रोत्साहन गर्ने उद्देश्यले व्यवसायी तथा उद्योगहरूको डाटा संकलन भइरहेको काठमाडौ विद्युतीय व्यवसायी संघका सचिव श्रीलाल श्रेष्ठले बताउनुभयो ।

श्रेष्ठका अनुसार महासंघले डाटा संकलन गरी उद्योग तथा व्यवसायीहरूलाई आवश्यक कार्यक्रमहरू ल्याउन नेपाल सरकारसँग पहल गर्ने भएकोले विद्युतीय व्यवसायमा संलग्नले आफ्नो फर्म/कम्पनी कुन उद्योगमा पर्छ खुलाएर यहि जेठ २५ गतेभित्र संघको कार्यालयमा बुझाउन संघले सबैमा अनुरोध गरेको सूचनामा उल्लेख गरिएको छ ।

# नेपालमा लगानी बढाउन उद्योग मन्त्रीको आग्रह

विद्युत संसार संवाददाता

**काठमाडौं, जेठ ।** नेपालमा उच्च प्रतिफल प्राप्त गर्ने क्षेत्रमा लगानी बढाउन उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले इटाली सरकारसँग आग्रह गर्नुभएको छ । इटालीका गैर-आवासीय राजदूत भिन्सेन्जो डि लुकाले गर्नुभएको शिष्टाचार भेटमा मन्त्री रिजालले सूचना प्रविधि, पूर्वाधार विकास, सेवा क्षेत्र, जलविद्युत्, कृषि क्षेत्रलगायतमा लगानी बढाउन र विविधिकरण गर्न आग्रह गर्नुभएको हो ।



भेटमा द्विपक्षीय सम्बन्ध, सहयोग तथा व्यापार र लगानीलगायत विषयमा छलफल भएको थियो । भेटमा मन्त्री रिजालले नेपाल र इटालीले विभिन्न विषयमा साझा धारणा राखेको र बहुपक्षीय फोरममा मिलेर काम गरेको स्मरण गर्दै आगामी दिनमा पनि यस्तो सम्बन्ध कायम रहने विश्वास व्यक्त गर्नुभयो ।

भेटमा गैरआवासीय राजदूत लुकाले नेपालसँग इटालीको व्यापार बढेको उल्लेख गर्दै इटालीमा उत्पादन भएका नयाँ प्रविधिका मेसिन नेपालमा आपूर्ति गर्न सकिने बताउनुभयो । इटाली सरकारले २०३० सालमा 'रोम एक्स्पो' आयोजना गर्न लागेको जानकारी दिँदै राजदूत लुकाले उक्त एक्स्पोमा नेपाली कला संस्कृति र पहिचानसहित नेपालको पनि सहभागिता रहने विश्वास व्यक्त गर्नुभयो ।

# वार्षिक आम्दानी अनुसार कति तिर्ने आयकर ?

**काठमाडौं, जेठ ।** सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटमार्फत करका विभिन्न दर हेरफेर गर्यो । आर्थिक विधेयक २०८० मार्फत सरकारले आयकर सम्बन्धि व्यवस्थामा पनि संशोधन गरेको छ । वार्षिक करयोग्य आय रु २० लाखभन्दा बढी भएका व्यक्तिले तिर्नुपर्ने आयकर बढाइएको छ ।

आर्थिक विधेयकमा भएका व्यवस्थाबारे आन्तरिक राजस्व विभागले शुक्रबार थप स्पष्ट पार्दै आगामी आर्थिक वर्षमा तिर्नुपर्ने आयकरसम्बन्धी विवरण सार्वजनिक गरेको छ । नयाँ व्यवस्थाले रु २० लाखभन्दा बढीको वार्षिक करयोग्य आम्दानी भएका व्यक्तिका लागि आयकरको दर परिमार्जन गरेको छ । रु २० लाखभन्दा माथि रु ५० लाखसम्मको करयोग्य आयमा ३६ प्रतिशत आयकर लाग्नेछ । त्यस्तै रु ५० लाखभन्दा माथिको जुनसुकै करयोग्य आयमा ३९ प्रतिशत कर लाग्नेछ । वार्षिक रु २० लाखभन्दा कम करयोग्य आय भएका व्यक्तिका लागि भने करका दर यथावत राखिएका छन् ।

हाल एकल व्यक्तिले रु पाँच लाखसम्म र दम्पतीको हकमा रु छ लाखसम्मको करयोग्य आयमा एक प्रतिशत आयकर तिर्नुपर्छ । तर एकलौटी फर्म दर्ता भएका करदाताको हकमा, निवृत्तभरणवापतको आय, निवृत्तभरण कोष र योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गर्ने प्राकृतिक व्यक्तिको आयमा भने एक प्रतिशत कर आयकर नलाग्ने व्यवस्था रहेको छ ।

एकल व्यक्तिले रु पाँच देखि रु सात लाखसम्म र दम्पत्तिको हकमा रु छ लाखदेखि रु आठ लाखसम्मको करयोग्य आयमा १० प्रतिशत आयकर तिर्नुपर्छ ।




एकल व्यक्तिको हकमा रु सात लाखभन्दा बढी र रु १० लाख सम्म तथा दम्पतीको हकमा रु आठ लाखदेखि रु ११ लाखसम्मको आयमा २० प्रतिशत आयकर तिर्नुपर्छ । एकल व्यक्तिको हकमा रु दश लाख देखि रु २० लाख र दम्पत्तिको हकमा रु ११ लाखदेखि रु २० लाखसम्मको आयमा ३० प्रतिशत आयकर लाग्ने व्यवस्था रहेको छ ।

वार्षिक करयोग्य आय गणना गर्दा विभिन्न शीर्षकको रकम गणना गर्नु नपाउने अर्थात् छुटको व्यवस्था पनि आर्थिक विधेयकमा राखिएको छ । प्राकृतिक व्यक्तिको आयमा समावेश नहुने रकम वा खर्चमा छुट हुने रकम पनिको सीमा सरकारले तोकिदिएको छ ।

कुनै व्यक्तिले अवकाश कोषमा योगदान गर्दा वार्षिक रु तीन लाख वा निजको निर्धारणयोग्य आयको एक तिहाइमा जुन घटी हुन्छ सो रकममा आफ्नो करयोग्य आयबाट घटाउन सकिने व्यवस्था रहेको छ । योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गर्दा भने रु पाँच लाख वा निजको निर्धारणयोग्य आयको एक तिहाइमा जुन कम हुन्छ, सो रकमसम्मको आफ्नो करयोग्य आयबाट घटाउन सक्ने व्यवस्था छ ।

दुर्गमभत्ता सुविधा पनि करयोग्य आयबाट घटाउन मिल्छ । त्यस्तै नेपालका विदेशस्थित कूटनीतिक नियोगमा कार्यरत कर्मचारीलाई प्राप्त हुने वैदेशिक भत्ताको ७५ प्रतिशत रकम करयोग्य आयबाट घटाउन सकिने राजस्व विभागले जनाएको छ ।

निवृत्तभरणबाट भएको आयमा व्यक्तिले पाउने छुट सीमामा २५ प्रतिशत घटाउन पाइनेछ । त्यस्तै, अपाङ्ग व्यक्तिले आफ्नो करयोग्य आयमा थप ५० प्रतिशत रकम घटाउन पाउनेछन् । बीमावापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा रु ४० हजारमा जुन घटी हुन्छ सो रकम करयोग्य आयबाट घटाउन पाइन्छ । स्वास्थ्य बीमावापत भुक्तानी गरेको वार्षिक प्रिमियम वा रु पाँच हजारमा जुन घटी हुन्छ सो रकम करयोग्य आयबाट घटाउन पाइन्छ ।

व्यक्तिले आफ्नो स्वामित्वमा रहेको निजी भवनको बीमावापत तिरेको वार्षिक प्रिमियम वा रु पाँच हजारसम्मको रकममा जुन घटी हुन्छ त्यस्तो रकम पनि करयोग्य आयबाट घटाउन पाइन्छ । औषधि उपचार खर्चवापत बिलबमोजिमको वास्तविक खर्च रकमको १५ प्रतिशत वा रु सात सय ५० मा जुन घटी हुन्छ, उक्त रकम पनि कर मिलान गर्न सकिने व्यवस्था रहेको छ ।

## सामान्य ज्ञान

आर्थिक वर्ष २०७५/०७६ मा सम्पन्न हुने गरी निर्माण कार्य भईरहेको आयोजनाहरू कति वटा छन् ?
***२० वटा***
४५६ मेगावाटको माथिल्लो तामाकोशी आयोजनाको प्रवर्द्धक कम्पनी कुन हो ?
***अपर तामाकोशी हाइड्रोपावर लि.***
हाल विद्युत चुहावट कति प्रतिशत रहेको छ ?
***१९ प्रतिशत***
नेपाल विद्युत प्राधिकरणको हाल सम्मको कुल ग्राहक संख्या कति रहेको छ ?
***४१,३४,६०१***
प्रधानमन्त्री केपी शर्मा ओलीबाट जनताको जलविद्युत कार्यक्रमको शुभारम्भ कहिले भएको थियो ?
***वि.स २०७५ फागुन ०२ गते***
जनताको जलविद्युत कार्यक्रमको शेयर कहिले बाट वितरण हुने भएको छ ?
***चैत ७ गतेबाट***
पाँचथर जिल्लामा रहेको काबेली बि १ जलविद्युत आयोजनाको क्षमता कति रहेको छ ?
***२५ मेगावाट***
सिक्टा सिंचाई आयोजनाले बाँके जिल्लाको कति हेक्टर जमिनमा सिंचाई गर्ने भएको छ ?
***४२,७०० हेक्टर***
बुढीगण्डकी जलविद्युत् आयोजनाले प्रभावित जनताका लागि हाल सम्म कति मुआब्जा वितरण गरेको छ ?
***४१ अर्ब २१ करोड ६७ लाख***
चैत ७ गते सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीलाई हस्तान्तरण गर्ने शेयर कुन जलविद्युत आयोजनाको शेयर हो ?
***माथिल्लो त्रिशुली ३ बी***
कुलेखानी तेस्रोको जलविद्युत आयोजनाको उत्पादन क्षमता कति छ ?
***१४ मेगावाट***
कुलेखानी तेस्रोको जलविद्युत आयोजना कुन जिल्लामा पर्दछ ?
**मकवानपुर**
सरकारको १ वर्षको अवधिमा कति वटा आयोजनाहरू सम्पन्न भई कति विद्युत ग्रिडमा जोडिएको छ ?
***९ वटा आयोजना, ३९.३६ मेगावाट ग्रिडमा***
आगामी ४ वर्षमा कति मेगावाट विद्युत राष्ट्रिय प्रसारण प्रणालीमा थप हुँदैछ ?
***२ हजार ३९३ मेगावाट***
सरकारले १ वर्षमा कति वटा आयोजनाहरूको विद्युत खरिद बिक्रि सम्झौता भएको छ ?
***८९ वटा आयोजना***
दिशा नाप्ने कम्पासको सियो के बाट बनेको हुन्छ ?
**स्थायी चुम्बक**
एक २०० वाट क्षमताको बत्ती १०० भोल्टको सर्किटमा जोडिएको छ भने बत्तिले कति करेन्ट खपत गर्दछ ?
**२ एम्पीयर जहाँ** (I=P/V)
१०० भोल्टको विद्युत परिपथमा प्रति घण्टा १० एम्पीयर खपत गर्ने एउटा मोटरले कति वाट पावर खपत गर्दछ ?
**100 वाट** (जहाँ P=VxI)
एम्पीयर भन्नाले के बुझिन्छ ?
**विद्युत धाराको मात्रा**
विद्युतीय मोटरहरुलाई कुन बेला धेरै करेन्ट लिन्छ ?
**स्टार्ट गर्दा**
कन्ट्याक्टर के हो ?
**इलेक्ट्रोम्याग्नेटक स्वीच**
सिङ्गलफेज मिटर ग्राहकको घरमा जडान गर्दा भुईदेखि न्युनतम दुरी कति हो ?
**१.५ मिटर**
डायोडले के काम गर्दछ ?
**विद्युतधाराको दिशा एकतर्फी बनाउँछ ।**
स्वीचयार्ड भन्नाले के बुझिन्छ ?
**सबस्टेशन**

विद्युत संसार

| प्रहरी | फोन नं. |
|---|---|
| प्रहरी प्रधान कार्यालय | |
| ४४११५४९ | |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९८, ४२२६९९९ |
| प्रहरी कन्ट्रोल | ११०, १२०, १३०, १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५, ४२६१८४३ |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१०२८४ |
| पर्यटक प्रहरी | ४२४७०४१ |
| **प्रमुख जिल्ला अधिकारी** | **फोन नं.** |
| काठमाडौं | ४२६२४७८,४२६२८२८ |
| ललितपुर | ५५२११६५, ५५२३०५१ |
| भक्तपुर | ६६१०२०१, ६६१०१०६ |
| **वारुण यन्त्र** | **फोन नं.** |
| काठमाडौं | ४२२३८९७, ४२२११७७, १०१ |
| ललितपुर | ५५२११११, १०१ |
| भक्तपुर | ६६१००४९, १०१ |
| **सुरक्षा र एम्बुलेन्स** | |
| दमकल | १०१ |
| प्रहरी कन्ट्रोल | १०० |
| ट्राफिक प्रहरी | १०३ |
| जिल्ला प्रहरी कार्यालय काठमाडौं | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी कार्यालय भक्तपुर | ५५२१२०७ |
| जिल्ला प्रहरी कार्यालय ललितपुर | ६६१४८२१ |
| **शववाहन र ट्याक्सी** | |
| नेपाल चेम्बर अफ कर्मस | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

### काठमाडौ उपत्यकाको नोलाईटका फोन नम्बरहरू

| क्र.सं. | नाम | टेलिफोन नं. |
|---|---|---|
| १. | रत्नपार्क नोलाईट | ४१५३१६२/३/४ |
| २. | नक्साल नोलाईट | ४४२११३१ |
| ३. | खुँसीबु नोलाईट | ४२६८३२७ |
| ४. | बानेश्वर नोलाईट | ४४७४१६१ |
| ५. | चाबहिल नोलाईट | ४४७४१६४/४४९०८३० |
| ६. | गोकर्ण नोलाईट | ४८००१६४ |
| ७. | जोरपाटी नोलाईट | ५१३४०५५ |
| ८. | मुलपानी नोलाईट | ४१५३७०७ |
| ९. | डाँछी नोलाईट | ४४५११४० |
| १०. | जरसिँङ पौवा नोलाईट | ४२५६४९६ |
| ११. | साँखु नोलाईट | ४४५०७७० |
| १२. | महाराजगंज नोलाईट | ४३५७२१९/२६५ |
| १३. | टोखा नोलाईट | ५११००८० |
| १४. | बुढानिलकन्ठ नोलाईट | ४३७१७४९ |
| १५. | कुलेश्वर नोलाईट | ४२७२४०२/४ |
| १६. | बालाजु नोलाईट | ४३५०८९६ |
| १७. | बलम्बु नोलाईट | ४३१०५१८ ।४३१६५१३ |
| १८. | रामकोट नोलाईट | ४०३७५६६ |
| १९. | किर्तिपुर नोलाईट | ४३३०४२८ |
| २०. | फर्पिङ नोलाईट | ४७१००१७ |
| २१. | पुल्चोक नोलाईट | ५५२२०४३ |
| २२. | स्वयम्भु नोलाईट | ५५९०९६१ |
| २३. | लोकन्थली नोलाईट | ५००४२१८ ।५५२१३६५ |
| २४. | चापगाउँ नोलाईट | ५५७०५२६ |
| २५. | लुभु नोलाईट | ५५८०११२ |
| २६. | बाडे गाउँ | ५५६०५९५ |
| २७. | भक्तपुर नोलाईट | ६६१००६५ |
| २८. | खरीपार्टी नोलाईट | ६६१४८६३ |
| २९. | थिमी नोलाईट | ६६३०३१७ |
| ३०. | दधिकोट नोलाईट | ६६३०९१७ |
| ३१. | पुरानो थिमी | ६६३७४८६ |

## सूचना प्रविधि क्षेत्रमा लगानी गर्न भारतीय व्यवसायीलाई प्रधानमन्त्रीको आग्रह

**इन्दौर, मध्यप्रदेश (भारत) जेठ ।** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपालको सूचना प्रविधि क्षेत्रमा लगानी गर्न भारतीय व्यवसायीलाई आग्रह गर्नुभएको छ ।



भारतको मध्यप्रदेशको इन्दौरमा अवस्थित विशेष आर्थिक क्षेत्रमा टाटा कन्सल्टेन्सी सर्भिसेसको अवलोकन गर्दै प्रधानमन्त्री 'प्रचण्ड' ले टाटा कम्पनीजस्तै सूचना प्रविधिका क्षेत्रमा लगानी गर्न आह्वान गर्नुभएको हो । टाटा कम्पनीजस्तै नेपालमा सूचना प्रविधिका क्षेत्रमा धेरै सम्भावना रहेकाले यस क्षेत्रमा लगानी गर्न आग्रह गर्नुभयो ।

सोही क्रममा अर्थमन्त्री डा प्रकाशशरण महतले नेपालको सूचना प्रविधिका क्षेत्रमा पर्याप्त जनशक्ति रहेकाले लगानीका लागि आग्रह गर्नुभयो ।

भारतको प्रसिद्ध टाटा कम्पनीले संसारका ४८ भन्दाबढी मुलुकमा काम गर्दै आएको छ । उक्त कम्पनीमा छ लाख बढी कर्मचारी आवद्ध छन् ।

इन्डौरको विशेष आर्थिक क्षेत्रमा रहेको टाटा कम्पनीको अवलोकनका लागि प्रधानमन्त्री, मन्त्रीहरूसहित नेपाली प्रतिनिधिमण्डल त्यस क्षेत्रमा गएको हो ।

नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री चार दिने भ्रमण शनिबार साँझ काठमाडौँ फर्कनु भएको हो ।

## मेलम्चीको वैकल्पिक प्रणालीको 'गेट' मर्मत

विद्युत संसार संवाददाता

**काठमाडौँ, जेठ ।** मेलम्ची खानेपानी आयोजनाले अम्बाथानस्थित आयोजनास्थलको वैकल्पिक प्रणालीको 'गेट' मर्मत गरेको छ ।

मेलम्ची नदीमा पानीको बहाव बढी हुँदा र धमिला पानी हुँदा पनि काठमाडौँ उपत्यकामा पानी नियमित ल्याउनका लागि मर्मत गरिएको मेलम्ची खानेपानी विकास समितिले जनाएको छ । प्रणालीअन्तर्गत गेट नम्बर १ ले पानी सुरूङको भित्र पठाउने, गेट नम्बर ९ फल्स गर्ने समितिका प्रवक्ता राजेन्द्र प्रसाद पन्तले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "गेट नम्बर ९ ले गर्दा धमिलो पानी सुरूङभित्र पस्न पाउँदैन ।"

आयोजना अन्तर्गत वैकल्पिक प्रणालीअन्तर्गतका गेट मर्मतका लागि १० दिनसम्म बन्द गरिएको थियो । पानी पथान्तरणको काम 'हेडबर्क' ले गर्ने भए पनि सम्पन्न नहुँदै क्षतिग्रस्त भएकाले वैकल्पिक प्रणलीमार्फत पथान्तरण भइरहेको छ । गत मङ्गलबारदेखि उपत्यकामा पानी पुनः ल्याउन थालिएको थियो । गेटको मर्मतका लागि बन्द गरिएको र एकै पटक धेरै परिमाणमा पठाउन नहुने भएकाले



विस्तारै बढाउँदै लगिएको समितिका प्रवक्ता राजेन्द्र प्रसाद पन्तले बताउनुभयो ।

यकामा मेलम्चीको पानीका कारण हिउँदमा पानीको अभाव कम भएको छ । उपत्यकाको भित्री भागमा पहिले पानीको बढी समस्या रहेकामा अहिले भित्री भागमा नियमित पानी वितरण भइरहेको छ । चक्रपथ बाहिरका धेरै ठाउँमा भने वितरणका लागि पाइप बिच्छाउने काम भइरहेको छ ।

## घारखोला जलविद्युत् अयोजनाको भौतिक संरचनाको परीक्षण सुरू

**म्याग्दी, जेठ ।** म्याग्दीको अन्नपूर्ण गाउँपालिकामा रहेको १४ मेगावाट क्षमताको घारखोला जलविद्युत् आयोजनाको भौतिक संरचनाको परीक्षण सुरू गरिएको छ । म्याग्दी हाइड्रोपावर प्रालि प्रर्वद्धक रहेको उक्त आयोजनाको भौतिक संरचना निर्माण सकेर परीक्षण सुरू गरिएको हो ।

बाँध र डिसेन्डर (पानी थिग्राउने पोखरी)मा पानी हालेर आइतबारदेखि परीक्षण थालिएको आयोजनाका जनसम्पर्क अधिकृत प्रकाशचन्द्र पौडेलले बताउनुभयो । उहाँका अनुसार आयोजनाको विद्युत् गृहमा उपकरण जडानको काम अन्तिम चरणमा पुगेको छ ।

"डिसेन्डर, एप्रोच क्यानल, टनेल, पेनस्टकको क्रमैसँगै परीक्षण हुन्छ," पौडेलले भन्नुभयो, "भौतिक संरचनाको अवस्था ठिक भए/नभएको पहिचान गर्न पानी हालेर परीक्षण गरिएको हो ।" अबको १५ दिनभित्र विद्युत्को परीक्षण उत्पादन सुरू गर्ने लक्ष्यसहित भौतिक संरचनाको परीक्षणका साथै उपकरण जडान, प्रसारण लाइन र स्वीचार्ड निर्माणलाई अन्तिम रूप दिन लागिएको जनसम्पर्क अधिकृत पौडेलले बताउनुभयो ।

अन्नपूर्ण गाउँपालिका–५ शिख र ६ घारको सिमानामा पर्ने कुरिलाबगरमा जगदेखि ११ मिटर अग्लो बाँध निर्माण भएको छ । जनसम्पर्क अधिकृत पौडेलका अनुसार बाँध र ४५ मिटर लम्बाइको दुई वटा पानी थिग्राउने पोखरी (डिसेन्डर)मा पानी हालिएको हो । "डिसेन्डरदेखि सुरुङसम्म दुई सय ४८ मिटर लामो डिसेण्डर एप्रोच क्यानल



जडान भएको छ । बाँध, डिसेन्डर र एप्रोच क्यानलको दोस्रो चरणको परीक्षण गर्न लागिएको छ", उहाँले भन्नुभयो ।

तीन हजार पाँच मिटर लामो सुरूङ पानी बगाएर परीक्षणका लागि तयार भएको छ । अमिलाकाफलमा रहेको आउटलेटदेखि विद्युत्गृहसम्म चार सय ८५ मिटर पेनस्टक पाइप जडान भएको छ । आउटलेटदेखि विद्युत्गृहको दुरी एक हजार दुई सय मिटर र उचाइ चार सय ८५ मिटर छ । पोखरेबगरस्थित गोजेखोल्सीमा पहाड काटेर विद्युत्गृहको भवन निर्माण सकिएको छ ।

विद्युत्गृहमा टर्वाइन, जेनेरेटरलगायत इलेक्ट्रोमेकानिकल तर्फका उपकरण जडान गर्ने काम अन्तिम चरणमा पुगेको आवासीय इन्जिनियर जोसेप बज्राचार्यले बताउनुभयो । उहाँका अनुसार इलेक्ट्रिकल ठेकेदार सिमर इनर्जी प्रालि इण्डिया, हाइड्रोमेकानिकल ठेकेदार सिई हाइड्रोमेकानिकल वर्क प्रालिका प्राविधिकले विद्युत्गृहमा उपकरण जडानको काम गरिरहेका छन् । सिभिल ठेकेदार साउथ एसियन इन्फास्टक्चरले भौतिक संरचना निर्माण सकेको इन्जिनियर बज्राचार्यले बताउनुभयो । "पोखरेबगरदेखि दुई सय २० केभी क्षमताको दाना सब स्टेशनसम्म आठ किलोमिटर ३३ केभीएको डबल सर्किट प्रसारण लाइनको पोल गाड्ने र सवस्टेशनमा सिभिल संरचना बनाएर तार तान्ने काम अन्तिम चरणमा पुगेको छ । विद्युत् गृहको नजिकै स्वचार्ड बनाउने काम भइरहेको छ", उहाँले भन्नुभयो ।

विसं २०७४ चैतदेखि सुरू भएको घारखोला विसं २०७८ माघमा सञ्चालन गर्ने लक्ष्य राखिएको थियो । कोरोना, निषेधाज्ञा, बन्दाबन्दी र प्राकृतिक विपद्का कारण ढिलाइ भएको आयोजनाले जनाएको छ । कूल रु दुई अर्ब ४२ करोडको लागत अनुमान गरिएको आयोजनामा एनएमबी बैंकको नेतृत्वमा एनआइसी एसिया, कुमारी र प्राइम कर्मसियल बैंकले लगानी गरेका छन् । नागरिक ऊर्जा बुटवल लिमिटेडको अगुवाइमा रूपन्देहीका सर्वसाधारणले पनि लगानी गरेका छन् । आयोजना प्रभावित र सर्वसाधारणका लागि संस्थापक शेयर लगानी आह्वान गर्ने प्रक्रिया अन्तिमचरणमा पुगेको प्रर्वद्धकले बताएका छन् ।

विद्युत संसार
Bidhut Sansar National Weekly
नियमित ग्राहक बन्नु परेमा
नियमित पत्रिका नआएमा
सम्पर्क:
01-5344814

विद्युत संसार अनलाईन
Scan Now

## प्रधानमन्त्री प्रचण्ड...

क्रमश पृष्ठ १ बाट....

विद्युत् निर्यातको परिमाण १० वर्षको अवधिभित्र १० हजार मेगावाट पुऱ्याउन र यसका लागि आपसी सहयोगलाई प्रोत्साहित गर्न आवश्यक सबै उपायहरु अवलम्बन गर्न सहमत छन् ।

दुवै प्रधानमन्त्रीले नेपालबाट भारततर्फ चार सय ५२ मेगावाटसम्म भएको विद्युत् निर्यात र नेपालमा नौ सय मेगावाट क्षमताको अरूण–३ जलविद्युत् परियोजनाको निर्माणमा भएको प्रगतिको प्रशंसा गरेका छन् । यस्तै, पञ्चेश्वर बहुउद्देशीय जलविद्युत् आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डिपीआर)लाई आगामी तीन महिनाभित्र सहमति जुटाउन सम्वद्ध सरकारी अधिकारीलाई निर्देशन दिइएको छ । यसबाट लामो समयदेखि अगाडि बढ्न नसकेको पञ्चेश्वर आयोजनाले गति लिने विश्वास गरिएको छ ।



प्रधानमन्त्री प्रचण्ड र भारतीय प्रधानमन्त्री मोदीले संयुक्त रूपमा न्यू बुटवल गोरखपुर अन्तरदेशीय प्रसारण लाइन निर्माण तथा फूकोट कर्णाली र तल्लो अरूण जलविद्युत् आयोजना अगाडि बढाउने सहमतिले नेपालको बिजुलीको अन्तर्राष्ट्रिय बजार खोजीका लागि मार्ग प्रशस्त भएको छ ।

नेपाल सरकारी स्वामित्वको विद्युत् उत्पादन कम्पनीले आवश्यक अध्ययन गरिरहेको चार सय ८० मेगावाटको फुकोट–कर्णाली परियोजनाको निर्माणका लागि एनएचपीसी र भियुसिएल लिमिटेडबीच समझदारीपत्रमा हस्ताक्षर तथा छ सय ६९ मेगावाटको तल्लो अरूणको निर्माणका लागि सतलज जलविद्युत् निगम र नेपाल लगानी बोर्डबीच सम्पन्न परियोजना विकास सम्झौताको दुवै पक्षले स्वागत गरेका थिए ।

नेपालबाट बङ्लादेशसम्म भारतीय ग्रिडमार्फत ४० मेगावाटसम्मको विद्युत् निर्यात गर्न पहिलो त्रिपक्षीय विद्युत् कारोबारलाई सहजीकरण गर्ने भारत सरकारको निर्णयलाई नेपाली पक्षले स्वागत गरेको छ ।

त्यस्तै भेरी करिडोर, निजगढ–इनरूवा र गण्डक नेपालगञ्ज प्रसारण लाइन र यससँग सम्बन्धित सबस्टेसनहरू भारतीय लाइन अफ क्रेडिटअन्तर्गत छ सय ७९ दशमलव आठ (६७९.८)मिलियन अमेरिकी डलर अनुमानित लागतमा लगानी गर्ने भारत सरकारको निर्णयलाई दुवै पक्षले स्वागत गरेका छन् ।

### अन्य के के भए सहमति र सम्झौता

प्रधानमन्त्री दाहाल नेपाली उच्चस्तरीय प्रतिनिधिमण्डलको नेतृत्व भ्रमणका क्रममा ऊर्जा क्षेत्र लगायत अन्य विषयमा पनि सहमति र सम्झौता भएको छ ।

रेल कनेक्टिभिटीलाई थप सुदृढ बनाउने प्रयास अनुरूप दुई देशका प्रधानमन्त्रीले भारत सरकारको अनुदान सहयोगमा निर्मित जोगबनी–विराटनगर रेलमार्ग अन्तर्गत भारतको बथनाहादेखि नेपाल भन्सार यार्डसम्म उद्घाटनस्वरूप गरिएको सीमापार यात्रुवाहक रेल सञ्चालनको अध्यक्षता गर्नुभयो । यसले पूर्वी नेपालको व्यापारिक केन्द्रका रूपमा रहेको विराटनगरमार्फत दुई देशबीच व्यापार एवम् वाणिज्य सम्पर्कलाई थप बलियो बनाउनेछ । गत वर्षको अप्रिलदेखि सञ्चालनमा आएको जयनगर–कुर्था यात्रुवाहक रेल सेवालाई थप विस्तार गर्न कुर्था–बिजलपुरा रेलखण्ड नेपाल सरकारलाई हस्तान्तरण गरिएको थियो । उक्त रेलखण्ड चाँडै सञ्चालनमा आउनेछ ।

भ्रमणका क्रममा रक्सौल काठमाडौँ रेलमार्गको अन्तिम स्थलगत सर्भे प्रतिवेदन पनि नेपाली पक्षलाई हस्तान्तरण गरिएको छ । नेपाली रेल अधिकारीहरूको क्षमता अभिवृद्धिका लागि भारतका रेलवे प्रतिष्ठानहरूमा तालिमको प्रबन्ध र जयनगर–कुर्था रेलखण्डको पूर्वाधार मर्मतका लागि अनुदानको व्यवस्थाका लागि नेपाल सरकारको अनुरोधबमोजिम भारत सरकारले सोही अनुरूप गर्ने सहमति जनाएको छ ।

गत वर्षको अप्रिलमा भारत र नेपालका प्रधानमन्त्रीले संयुक्तरूपमा जयनगर–कुर्था रेलखण्डको उद्घाटन गर्नुभएको थियो ।

ऊर्जा कनेक्टिभिटीका सम्बन्धमा दुवै प्रधानमन्त्रीले सन् २०१९ को सेप्टेम्बरमा उद्घाटन भएको मोतिहारी–अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनका फाइदाबारे चर्चा गर्नुभयो । यो सहकार्यलाई थप सुदृढ बनाउन दुवै प्रधानमन्त्रीले चितवनमा निर्माण हुने दोस्रो चरणको मोतिहारी–अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनको शिलान्यास गर्नुभयो । भ्रमणका क्रममा सिलिगुडीदेखि झापासम्मको पेट्रोलियम पाइपलाइन निर्माण, अमलेखगञ्जदेखि चितवनसम्म तेल पाइपलाइन विस्तार र चितवन र झापामा दुईवटा ग्रिनफिल्ड टर्मिनल निर्माणका लागि एक समझदारीपत्रमा हस्ताक्षर भयो ।

दुवै पक्षले भारत र नेपालबीच डिजिटल वित्तीय कनेक्टिभिटीलाई अझ मजबुत बनाउने निर्णय गऱ्यो । यस सम्बन्धमा सीमापार डिजिटल भुक्तानी सहजीकरणका लागि भारतको एनपिसिएल र नेपालको एनसिएचएलबीच समझदारीपत्र आदानप्रदान भयो ।

दुवै प्रधानमन्त्रीले गत वर्षको फेब्रुअरीमा भारतबाट नेपालतर्फ युरिया र डिएपीको आपूर्तिका लागि भएको समझदारीको चर्चा गर्नुभयो । यस सहकार्यलाई थप बलियो पार्न दुवै प्रधानमन्त्रीबीच नेपाल र भारतका किसानलाई आवश्यक मल उपलब्ध गराउने गरी एवम् दुवैतर्फ पर्याप्त बजारको सुनिश्चितताका लागि नेपाल र भारतका सार्वजनिक एवम् निजी क्षेत्रको सहभागितामा नेपालमा मल उद्योग स्थापना गर्ने सहमति भएको छ । दुई देशका प्रधानमन्त्रीले सम्बन्धित निकायहरूलाई त्यस्तो उद्योग स्थापनाका लागि आवश्यक तयारी एवम् अध्ययन गर्न निर्देशन पनि दिनुभयो ।

यसैगरी, भारत सरकारको अनुदान सहयोगमा भारत र नेपालबीच निर्माणाधीन एकीकृत जाँच चौकीमार्फत कनेक्टिभिटीलाई थप गति प्रदान गर्न दुई प्रधानमन्त्रीले भारतको रूपैडिहा र नेपालको नेपालगञ्जमा निर्माण हुने एकै किसिमका एकीकृत जाँच चौकीको उद्घाटन गर्नुभयो । त्यस्तै, दुई प्रधानमन्त्रीले भारतको सुनौली र नेपालको भैरहवामा एकीकृत जाँच चौकीको निर्माणका लागि भूमिपूजन सम्पन्न गर्नुभयो । भ्रमणका क्रममा भारत सरकारको अनुदान सहयोगमा नेपालको दोधारा चाँदनीमा एकीकृत जाँच चौकीको निर्माणका लागि एक समझदारीपत्रमा हस्ताक्षर पनि भयो । यी एकीकृत जाँच चौकीले यातायातको सुविधालाई सहज बनाई जनता–जनताबीचको सम्पर्कका साथै दुई देशबीचको व्यापार, वाणिज्य तथा आर्थिक सम्बन्धलाई थप सुदृढ बनाउन मद्दत गर्नेछ ।

त्यस्तै भारत सरकारले अनुदानमा नेपालका सिर्सिया र भुलाघाटमा महाकाली नदीमा भारतको चम्पावत र पिथौरागढ जोड्ने दुईवटा पुलको निर्माण गर्ने निर्णय गरेको छ । यी पुलले भारतको उत्तराखण्ड र नेपालको सुदूरपश्चिम प्रदेशबीच सम्पर्क विस्तार गर्न मद्दत गर्नेछ ।


कृषि क्षेत्रलाई नयाँ गति दिने उद्देश्यले दुवै पक्षबीच 'नानो फर्टिलाइजर' र प्राकृतिक खेती जस्ता द्विपक्षीय सहकार्यको नवीन आयामबारे छलफल भयो । कृषि तथा पशुपक्षीको क्षेत्रमा दुई देशबीचको सहकार्यअनुरूप नेपाल सरकारको अनुरोधमा १५ वटा मुर्रा भैँसी नेपाल सरकारकलाई उपलब्ध गराइँदैछ ।

## ट्वट बहस



**Manahari Timilsina**
*@manaharisamar*

निरपेक्ष आलोचनाको कुनै ओखती हुँदैन । तर, नेपाल–भारत सम्बन्ध, नेपालको राष्ट्रिय हित, विद्युत व्यापार सम्झौता, सीमा समस्याको सम्बोधन लगायत बहुआयमिक दृष्टिले सम्माननीय प्रधानमन्त्री प्रचण्डको भारत भ्रमण ऐतिहासिक र दूरगामी महत्वको छ । जसको सुखद् परिणाम क्रमशः हासिल हुँदै जाने नै छ ।



**Radha krishna katwal**
*@Radhakr07983874*

प्रम प्रचण्ड हतारहतारमा नागरिक विधेयक प्रमाणिकरण गर्न लगाएर भारत भ्रमण किन गए भनेको त १५ वटा रौंगा लिन पो रहेछ । फेरि यो र ऊ सम्झौता गरे भनेर गफ चाहिँ किन दिएको होला ? अनि भारतले आफै लगानी गरेर जलविद्युत वनाई दिएर नेपाललाई समृद्ध बनाई दिन्छ भन्नु र गोरू ब्याउँछ भन्नु उस्तै हो ।



**भावुक~~The Emotional**
*@bhaabuk*


'नागरिकता विधेयक यथास्थानमा राख्न' अदालतको अन्तरिम आदेश आएछ !

प्रचन्डले नेपालीलाई त 'धोका दिएका थिए नै अहिले ईन्डियालाई नि धोका दिए!'किर्ते' गरेर नागरिकता विधेयक पास गरे जस्तो गरी भारत–भ्रमण गरीहाले अहिले अदालतले अंकुश लगाई दियो!आफ्नो स्वार्थ पुरा गर्न जे पनी गर्न पछी हट्दैनन उनी



**tikathapamagar**
*@tika_saru*

नेपालमा प्रधानमन्त्री हुने बित्तिकै भारत भ्रमण नगै नहुने यस्तो के छ नेपाली नेताहरूलाई बाध्यता ? जनताले भोट् दिएर चुनिन्छन तर पहिला सेवा गर्न भारत पुग्छन । जनताको सेवा कहिले गर्ने ? अब यी दलहरूलाई सदाको लागि बिस्थापित गरिनु पर्छ ।



**Prakashpaudel**
*@Prakashpaudel45*

प्रचण्डको भारत भ्रमण पुर्व नै नागरिता विधेयक पासगरिएको छ । भारत र नेपालको खुल्ला सिमानाको बारेमा प्रचण्डले केहि जिकिर गरेनन् । झळछण को भारत नेपाल संन्धी केही कुरा उठाएनन् । लिपुलेक र कालापानी भारत लाई दिएर बांग्लादेश सगको सिमा उठाउनु नेपाल को लागि ठुलो घात हुनेछ ।



**Laxman Ghimire**
*@ghimirelp*

प्रम प्रचण्डजीको भारत भ्रमण पछि संयुक्त विज्ञप्ति किन आएन ? व्यापार र पारवहन सन्धि, तल्लो अरूण र फुकोट कर्णाली जलविद्युत योजनाहरूमा भएका सन्धिहरु बाहेक अन्य सबै सहमति भए भनेका कुराहरु सबै मौखिक मात्र हुन् त ?



**Ananta Koirala**
*@anantabrt*

यसपालीको प्रचण्डको भारत भ्रमण ऐतिहासिक नै भयो भनेर भन्नुस्। गेरू वस्त्र लगाएर मन्दिरमा पूजा गर्ने भए प्रचण्ड। यो ऐतिहासिक नै त हो। उपलब्धिलाई गोली मार्नुस् ।

## नेपाल विद्युत प्राधिकरण

वितरण तथा ग्राहक सेवा निर्देशनालय

**बागमती प्रादेशिक कार्यालय**

दरबार मार्ग, काठमाडौं

### प्रादेशिक कार्यालय अन्तर्गतका वितरण केन्द्रहरूको सिलबन्दी दरभाउपत्र आह्वान तथा बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८०/०२/२१

**सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना (धादिङ वितरण केन्द्र)**

| क्र.सं. | दरभाउपत्र नं. | कामको विवरण |
|---|---|---|
| १ | NEA/DDC/ 2079/080/SQ-08 | Electricity Consumer Service Cable and Meter Connection at Various Places of Gajuri and Benighat Rorang Ga.Pa. |

Please visit official website of PPMO (www.bolpatra.gov.np/egp) for more details.

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना (रामेछाप वितरण केन्द्र)**

| क्र. सं. | बोलपत्र नं. | कामको विवरण | छनोट भएको बोलपत्र दाता | कबोल अङ्क (मू.अ.क. सहित) रु. |
|---|---|---|---|---|
| १ | NEA/ RAMECHHAP/ 2079/080/Line-01 | HT/LT Line Erection, Upgrading, Transformer Installation & Upgrading Works at Different Places of Ramechhap DCS. | M/S Pokharitanbe Construction, Gokulganga-1, Ramechhap. | ३३,४६,४७२।४० |

## नेपाल विद्युत प्राधिकरण

वितरण तथा ग्राहक सेवा निर्देशनालय

डोल्पा वितरण केन्द्र, डोल्पा

### पुनः सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रकाशित मिति : २०८०।०२।२३

यस वितरण केन्द्रमा तपसिल बमोजिमको कार्य गराउनुपर्ने भएकोले इच्छुक फर्महरूबाट Public Procurement Monitoring Office (PPMO) को वेबसाइट www.bolpatra.gov.np/egp मार्फत सिलबन्दी दरभाउपत्र पेस गर्न आह्वान गरिएको छ ।

| सि. नं. | सिलबन्दी दरभाउपत्र आह्वान नं. | कामको विवरण | सिलबन्दी दरभाउपत्र प्रस्ताव अपलोड गर्न सकिने अवधि | सिलबन्दी दरभाउपत्रको मूल्य र दाखिला गर्नुपर्ने बैंकको खाता नम्बर | बिडबन्ड रकम र मान्य अवधि | सिलबन्दी दरभाउपत्र खोल्ने मिति तथा समय |
|---|---|---|---|---|---|---|
| १ | NEA-DOLPA-2079/080-CSQ-01 (Re) | Construction of slab at Canal of Jairigaad small hydropower centre, Dolpa | २०८०।०२।२३ गते बिहान १०:०० बजेदेखि २०८०।०३।०६ दिउँसो १२:०० बजेसम्म । | रु. १,०००।०० Nepal Bank Ltd, Dolpa Branch, Deposit AC No.: 08700101260238000001 | रु. ४०,०००।०० र ९० दिन । Nepal Bank Ltd, Thulo Bheri-03, Dolpa Branch, Deposit AC No.: 08700101260238000001 | मिति २०८०।०३।०६ गते दिउँसो ०२:०० बजे । |

थप जानकारीका लागि ने.वि.प्रा. डोल्पा वितरण केन्द्र कार्यालयको फोन नं. : ९८५८३९००८१ मा सम्पर्क राख्न सकिनेछ ।

## दूधकोशी जलविद्युत कम्पनी लिमिटेड

### प्रथम वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस कम्पनी लिमिटेड, सञ्चालक समितिको मिति २०८०।०२।०९ गते बसेको १४औं सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको प्रथम वार्षिक साधारण सभा निम्न विषयहरूमा छलफल गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले शेयरधनी महानुभावहरू उपस्थित भइदिनुहुन अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थान:**

मिति :- २०८०।०३।१५ गते शुक्रबार

समय :- अपराह्न ३:३० बजे

स्थान :- ने.वि.प्रा.को सभाहल, दरबार मार्ग, काठमाडौं ।

**साधारण सभामा छलफल हुने विषयहरू**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रथम वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने सम्बन्धमा ।

(२) कम्पनीको आ.व. २०७३।०७४, आ.व. २०७४।०७५, आ.व. २०७५।०७६, आ.व. २०७६।०७७, आ.व. २०७७।०७८ र आ.व. २०७८।०७९ को लेखापरीक्षकको प्रतिवेदन सहित वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरणहरू (अनुसूची समेत) छलफल गरी पारित गर्ने सम्बन्धमा ।

(३) महालेखा परीक्षकको कार्यालयको परामर्शबाट सञ्चालक समितिबाट नियुक्ति भएको आ.व. २०७३/७४, २०७४/७५, २०७५/७६, २०७६/७७, २०७७/७८ र २०७८/७९ को लेखापरीक्षकको नियुक्ति एवं पारिश्रमिक अनुमोदन गर्ने तथा आ.व. २०७९।०८० का लागि महालेखा परीक्षकको कार्यालयबाट नियुक्त सी.ए. श्री दिपेन्द्र कुमार मिश्रको नियुक्ति र निजको पारिश्रमिक अनुमोदन सहित स्वीकृत गर्ने ।

(४) कम्पनीको सञ्चालक समितिबाट निर्धारित सञ्चालकहरूको पारिश्रमिक, भत्ता तथा सुविधा (सञ्चालक समितिको भत्ता तथा प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक, भत्ता र अन्य सुविधा समेत) सम्बन्धमा भएका निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा ।

(५) सञ्चालकहरूको मनोनयन, निर्वाचन सम्बन्धमा ।

(६) कम्पनीको प्रबन्ध पत्र र नियमावली संशोधन गर्नेबारे ।

(७) विविध ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## नेपाल विद्युत प्राधिकरण

वितरण तथा ग्राहक सेवा निर्देशनालय

**सुदूरपश्चिम प्रादेशिक कार्यालय, अत्तरिया कैलाली**

### दरभाउपत्र आह्वानको सूचना

पुनः प्रकाशित मिति : २०८०/०२/२१

यस प्रादेशिक कार्यालय अन्तर्गत विभिन्न क्षेत्रमा तपसिल बमोजिमका कार्यहरू गराउनुपर्ने भएकोले इच्छुक फर्महरूबाट Public Procurement Monitoring Office (PPMO) को वेबसाइट www.bolpatra.gov.np/egp मार्फत दरभाउपत्र पेस गर्न आह्वान गरिएको छ ।

| सि. नं. | दरभाउपत्र आह्वान नं. | कामको विवरण | दरभाउपत्र प्रस्ताव अपलोड गर्न सकिने अवधि | दरभाउपत्रको मूल्य र दाखिला गर्नुपर्ने बैंकको खाता नम्बर | बिडबन्ड रकम र मान्य अवधि | दरभाउपत्र खोल्ने मिति तथा समय | लागत इस्टिमेट (मू.अ.कर सहित) |
|---|---|---|---|---|---|---|---|
| १ | NEA/SPO-2079/080-RT-33KV-Line-SQ-01(RE) | Construction of 33kV Line from Rajpur to Tikhatar Substation of Doti District | २०८०/०२/२१ गते बिहान १०:०० बजेदेखि २०८०/०३/०४ दिउँसो १२:०० बजेसम्म । | रु. १,०००।०० Nabil Bank Ltd., Dhangadi Branch, Deposit AC No, 2801017500343 | रु. ४५,०००।०० र ७५ दिन । | मिति २०८०/०३/०४ गते दिउँसो ०२:०० बजे । | ने.रु. १७,३६,४२४।६५ |
| २ | NEA/SPO-2079/080-AS-33KV-Line-Upg-SQ-01(RE) | Supply, Delivery, Upgrade and Maintenance of 33kV Line from Attariya Substation of Kailali District to Syaule Substation of Dadeldhura District | २०८०/०२/२१ गते बिहान १०:०० बजेदेखि २०८०/०३/०४ दिउँसो १२:०० बजेसम्म । | रु. १,०००।०० Nabil Bank Ltd., Dhangadi Branch, Deposit AC No, 2801017500343 | रु.४४,०००।०० र ७५ दिन । | मिति २०८०/०३/०४ गते दिउँसो ०२:०० बजे । | ने.रु. १७,०२,११८।६७ |

थप जानकारीका लागि ने.वि.प्रा. सुदूरपश्चिम प्रादेशिक कार्यालयको फोन नं.: ०९१-५५११५४ मा सम्पर्क राख्न सकिनेछ ।

## सेती जलविद्युत...

क्रमश पृष्ठ १ बाट....

उहाँले भन्नुभयो, "जलविद्युत्मा २५ मेगावाट सानो परियोजना होइन । धेरै मानिस जोडिनुभएको छ । एक हजार पाँच सय जना प्रवर्द्धकको लगानी छ, सुरूआती लागत बढेको छैन । पारदर्शीरूपमा समयमै आयोजना पूरा गर्न अहोरात्र खटिएका छौं, छिट्टै सफलता मिल्नेमा आशावादी छौं ।" सार्दिखोलाको भराभरीस्थित सेती नदीमा बाँध निर्माण गरी छ हजार चार सय मिटर लामो भूमिगत पाइपमार्फत पानी ल्याएर एक सय ८७ मिटर उचाइबाट पावर हाउसमा खसालेर विद्युत् उत्पादन गर्ने योजना छ । पाइपमार्फत लगिएको पानी पावर हाउसमा रहने १२ दशमलव पाँच मेगावाट क्षमताका दुई वटा टर्वाइनमा खसालिने छ । सो आयोजना नदी जलप्रवाहमा आधारित छ ।

कोरोना कहरकाबीच सुरु भएको आयोजनामा सुरूआती चरणमा काममा असर पुगेकाले एक वर्ष म्याद थप भएको अध्यक्ष पोखरेलले बताउनुभयो । आयोजनाको म्याद विसं २०८१ साउनसम्म रहेको छ । उहाँले भन्नुभयो, "कोरोनाले काममा असर गर्दा एक वर्ष म्याद थप गर्नुपरेको हो । स्थानीय सरकार, स्थानीयवासी तथा सबैको साथ सहयोगले आयोजना सम्पन्न हुने चरणमा छ । अबको पाँच महिनाभित्रमा आयोजना सम्पन्न भएर विद्युत् उत्पादन हुनेछ ।"

सेती जलविद्युत् आयोजनामा रू पाँच अर्ब लगानी रहेको छ । यसमा रू तीन अर्ब ५० करोड विभिन्न बैंक तथा वित्तीय संस्थाले लगानी गरेका छन् । अन्य लगानी प्रवर्द्धक, स्थानीयवासी तथा आइपियो जारी गरेर पूरा गरिने आयोजनाले जनाएको छ ।

आयोजनाका इन्जिनियर उपेन्द्र घिमिरेले हेडबर्क्सको काम सकिएर पानी पठाउन सुरु भएको बताउनुभयो । त्यसैगरी पाइपलाइनतर्फ एक सय ५० मिटर जति मात्र काम बाँकी छ । 'पावर हाउसको सिभिलको काम सकिएको । स्विचयार्डको काम भइरहेको छ र इलेक्ट्रोमेकानिकलको केही सामान आउन बाँकी रहेको छ", घिमिरेले भन्नुभयो, "सबै क्षेत्रतर्फ गर्नुपर्ने मुख्य काम सकिएको छ । केही सानातिना काम पूरा गर्नुपर्नेछ ।" सेती आयोजनाबाट उत्पादित विद्युत् चार किमी दूरीमा लाहाचोकमा रहेको नेपाल विद्युत् प्राधिकरणको सबस्टेशनमा जोडिनेछ । विद्युतगृहबाट सबस्टेशनसम्म प्रसारण लाइन निर्माण भइरहेको छ । प्रसारण लाइमा १३ वटा टावर रहनेमा हालसम्म ११ वटामा काम भइरहेको इन्जिनियर घिमिरेले बताउनुभयो ।

आयोजनाको सञ्चालकसमेत रहनुभएका सामाजिक क्षेत्र निर्देशक बमबहादुर गुरूङले स्थानीय जनताको सहयोगबाटनै आयोजना सम्पन्न हुने चरणमा पुगेको बताउनुभयो । निर्माणका क्रममा आउने सानातिना समस्या छलफलका माध्यमबाट समाधान गर्दै आयोजनाबाट निकट भविष्यमा विद्युत् उत्पादन गर्ने गरी काम भइरहेको उहाँले उल्लेख गर्नुभयो । आयोजनाबाट देशको ऊर्जा क्षेत्रको विकासमा योगदान पुग्ने विश्वास गुरूङको छ । रासस

RATHI
FRLS CABLE

## जेठ ३२ मा इपानको साधारण सभा तथा निर्वाचन हुँदै

**काठमाडौं, जेठ ।** स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इपान)को आगामी जेठ ३२ गते २१ औं साधारणसभा तथा नयाँ कार्यसमिति चयन गर्ने भएको छ । इपानको २१ औं साधारणसभाबाट सभाले नै नयाँ कार्यसमिति पनि चयन गर्ने भएको हो ।

इपानका अध्यक्ष कृष्ण प्रसाद आचार्यले इपानमा निर्वाचन गर्ने भन्दा पनि सर्वसम्मत नेतृत्व चयन गर्ने तयारीमा रहेको बताउनुभयो । अध्यक्षले नेतृत्व सर्वसम्मत हुनुपर्ने बताइरहँदा सोमबार अहिलेको कार्यसमितिमा रहेका केही पदाधिकारीले उम्मेदवारी घोषणा गरेका छन् । सोमबार अहिलेका उपाध्यक्ष गणेश कार्कीले अध्यक्षमा उम्मेदवारी घोषणा गरेका छन् । यस्तै उपाध्यक्ष मोहन डाँगीले वरिष्ठ उपाध्यक्षमा, उपाध्यक्षका लागि राम आचार्य, उत्तम ब्लोन लामा, आनन्द चौधरी, भरत खत्री र हिम पाठकले उम्मेदवारी दिएको इपानले जनाएको छ । त्यस्तै महासचिवमा अहिलेका सचिव बलराम खतिवडाले, उप-महासचिवमा अहिले सदस्य प्रकाशचन्द्र दुलाल र कोषाध्यक्षमा नरेन्द्र बल्लभ पन्तले उम्मेदवारी घोषणा गरेका छन् ।

## आर्थिक विधेयक तर्जुमामा अनाधिकृत व्यक्तिको संलग्नता नभएको अर्थ मन्त्रालयको भनाइ

भीमलाल श्रेष्ठ

**काठमाडौं, जेठ ।** अर्थ मन्त्रालयले आर्थिक वर्ष २०८०/८१ को आर्थिक विधेयक तर्जुमामा कुनै पनि अनाधिकृत व्यक्तिको संलग्नता नरहेको स्पष्ट पारेको छ । विधेयक स्थापित अभ्यासबाट आएको र आमसञ्चारमाध्यममा उल्लेख गरिएका व्यक्ति अनाधिकृत नभएको सोमबार प्रेस विज्ञप्ति जारी गर्दै मन्त्रालयले जानकारी दिएको थियो भने मंगलबार भएको प्रतिनिधि सभा बैठकमा पनि अर्थमन्त्री प्रकाशशरण महतले बताउनु भएको थियो ।

मन्त्रालयका अनुसार रामकृष्ण श्रेष्ठको कामको अनुभव र दक्षताका कारण सेवा निवृत्तपछि पनि आर्थिक विधेयकको मस्यौदा टाइप गर्ने काममा लगाइएको हो । रामकृष्ण श्रेष्ठ निजामती सेवामा लामो समय भन्सार विभागमा रही आर्थिक विधेयकको मस्यौदा टाइप गर्ने काम गरिरहेका सेवा निवृत्त कर्मचारी भएको मन्त्रालयका प्रवक्ता धनिराम शर्माले




विज्ञप्तिमा जनाउनुभएको छ । विज्ञप्तिमा भनिएको छ, "चालु आर्थिक वर्षमा पनि निजलाई सूचना प्रविधि सहायक कर्मचारीका रुपमा करारमा नियुक्त गरिएको र विगतका वर्षहरुमा जस्तै आर्थिक विधेयक ०८०/८१ को मस्यौदा टाइप गर्ने कार्यमा संलग्न गराइएको व्यहोरा जानकारी गराइन्छ ।"

## सरकारले बिजुली बसलाई निरूत्साहित गऱ्यो : नाडा

विद्युत संसार संवाददाता

**काठमाडौं, जेठ ।** नाडा अटोमोवाइल्स एशोसिएसन अफ नेपालले ९ सय प्रतिशत भन्सार बढाएर सरकारले सार्वजनिक बिजुली बसलाई निरूत्साहित गरेको बताएको छ । आगामी आवका लागि सरकारले ल्याएको बजेटबारे समीक्षा गर्दै नाडाले यस्तो प्रतिक्रिया दिएको हो । 'सर्वसाधारण जनताले प्रयोग गर्ने सार्वजनिक महत्वका विद्युतीय बसहरूमा लाग्ने भन्सार महसुलमा समेत ९०० प्रतिशतले वृद्धि गरेको छ,' नाडाको भनाइ छ, 'यसबाट सरकारले सार्वजनिक यातायातमा विद्युतीय बसहरूको प्रयोगलाई समेत निरूत्साहित गर्न खोजेको देखिन्छ ।' सरकारले कुनै ठोस आधार विना नै विद्युतीय सवारी साधनहरूका सम्बन्धमा दुई वर्षको अन्तरालमा पटकपटक संशोधन गरिएको समेत बताएको छ । 'सरकारको भनाइ र गराइमा रहेको ठूलो अन्तराललाई देखाउँछ । जसबाट सरकारको विद्युतीय सवारी साधनलाई संवर्द्धन र प्रवर्द्धन गर्ने आशयमा समेत स्पष्टता नभएको देखिन्छ,' नाडाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

सरकारले दिएको छुट र सुविधालाई कहिले घटाउने र कहिले बढाउने गर्नाले विद्युतीय सवारी साधन व्यवसाय गम्भीर रूपले प्रभावित भएको र नेपालमा नै विद्युतीय सवारी उत्पादक/उद्यमी हतोत्साहित हुँदै गएको नाडाले जनाएको छ । सरकारले हाइब्रिड सवारी साधनहरूमा लाग्ने अन्तःशुल्क महशुल पनि वृद्धि गरेको नाडाको भनाइ छ । २५० सिसिभन्दा माथिका दुईचक्के सवारी साधनहरूमा लाग्दै आएको उच्च दरको अन्तःशुल्क महशुल र सडक निर्माण दस्तुर घटाउने र एसेम्बल उद्योगको सन्दर्भमा दिएको छुटलाई पनि निरन्तरता दिने योजना भने स्वागतयोग्य भएको नाडाको ठहर छ ।

## बजेट माथि छलफल प्रारम्भ

विद्युत संसार संवाददाता

**काठमाडौं, जेठ ।** प्रतिनिधिसभामा आर्थिक वर्ष २०८०/८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफल प्रारम्भ भएको छ । प्रतिनिधिसभाको




सोमबारको बैठकमा अर्थमन्त्री डा प्रकाशशरण महतले वक्तव्यसहित आव २०८०/८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल प्रारम्भ गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । बैठकमा उक्त छलफलमाथि सांसदहरुले दलीय आधारमा आफ्ना धारणा व्यक्त गरिरहनुभएको छ । मन्त्री डा महतले यही जेठ १५ गते सङ्घीय संसद्को संयुक्त बैठकमा आर्थिक वर्ष २०८०/८१ बजेट प्रस्तुत गर्नुभएको थियो ।

## आर्थिक सहयोगका लागि अपिल

**गोरखा शहिद लखन गाउँपालिका वडा नं ६ निवासी "श्री विकास श्रेष्ठको"केही समय अगाडी देखि दुवै मिर्गौला फेल भई हाल डाइलाईसिस गर्दै आउनुभएको छ । तसर्थ डाक्टरको सल्लाह अनुसार केही समय भित्र मिर्गौला प्रत्यारोपण गर्ने तयारी हुँदा बिरामीलाई उपचारमा सहयोगको लागि तल उल्लेखित बैंक खातामा सहयोग रकम जम्मा गरिदिन हुन हार्दिक अनुरोध गर्दछौं ।**



**नाम : विकास श्रेष्ठ**

**प्राईम कमर्सियल बैंक लिमिटेड/खाता नं. : 01900317C6**

**फोन पे : ९८६०८२५१९६**

## गर्मी एवं बर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।

**औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ ।**

**यसबाट बच्न,**

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डि पुर्ने,
- ढल, नाला खुल्ला नराख्ने,
- पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरु व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्रकाशक**: अभि मिडिया प्रोडक्सन प्रा. लि, **प्रधान सम्पादक**: रामप्रसाद पौडेल, **सम्पादक**: भीमलाल श्रेष्ठ, **व्यवस्थापक**: मनोहर श्रेष्ठ, **डिजाइन**: शिखर श्रेष्ठ, **मुद्रण** : हाईडल प्रेस प्रा.लि.काठमाण्डौ
**कार्यालय**: सुन्धारा-११ चाइनाटाउन, काठमाडौं/**फोन** : ०१-५३४४८१४, **इमेल:** abhimedia111@gmail.com/bidhutsansar@gmail.com/**वेभ**: www.bidhutsansar.com